# मार्ग बन्द हुँदा यात्रु मर्कामा



तस्विर : रवीन्द्र उप्रेती

**धन गुड्ने अवस्था नरहेपछि सुनसान बनेको बर्दीबास–३ स्थित बिपी राजमार्ग ।**

सङ्घीय राजधानी
बन्द हुँदा यात्रु तथा
यातायात व्यवसायीले
बहोर्नु परेको बताएका
रहने बिपी राजमार्ग
बनेको छ।

ट्राफिक प्रहरी
र्कीका अनुसार चार
यातायात सञ्चालन
खुर्कोट–भकुन्डेबेँसी
राजमार्गमा असोज
भएको हो।

न्नुभयो, "अन्य
९ देखि मालवाहक

ट्रक त गुडेकै छैनन्। आकस्मिक समस्याका दुईचार वटा साना सवारी मात्र हेटौँडा–सिस्नेरी–कुलेखानीको साँघुरो बाटो हुँदै काठमाडौँ छिरेका छन्। सवारी नचल्दा सबैलाई समस्या छ।'

बिपी राजमार्ग हुँदै सप्तरीदेखि सर्लाहीसम्मका विभिन्न स्थानबाट काठमाडौँका लागि दैनिक करिब पाँच सय यात्रुवाहक सवारीसाधन सञ्चालन हुँदै आएका छन्। राजमार्ग बन्द भएपछि ती सबै सवारीसाधन थन्किएको यातायात व्यवसायीले बताएका छन्। बिपी यातायातका व्यवसायी सीताराम ढुङ्गेलका अनुसार बिपी राजमार्ग हुँदै काठमाडौँका लागि बर्दीबासबाट दैनिक १५० भन्दा बढी हायसलगायतका साना सवारीले सेवा दिँदै आएका छन्। उत्तिकै सङ्ख्याका सवारी काठमाडौँबाट पनि बर्दीबास झर्छन्।

उहाँका अनुसार यी सवारीले दुईतर्फी गरी दैनिक करिब तीन हजार छ सय यात्रुलाई सेवा दिँदै आएका छन्। अहिले प्रतियात्रु करिब एक हजार रुपियाँ भाडा पर्छ। यो हिसाबले बिपी राजमार्गमा यात्रुवाहक सवारी सञ्चालन नहुँदा दैनिक ३६ लाख रुपियाँ बराबरको व्यावसायिक क्षति बेहोर्नु परेको छ।

राजमार्ग बन्द हुँदा यातायात व्यवसायीलाई बैङ्कको ऋण तथा किस्ता तिर्नेदेखि चालक तथा कर्मचारीको पारिश्रमिक र परिवारको दैनिक खर्च व्यवस्थापन गर्नसमेत समस्या भएको ढुङ्गेलले बताउनुभयो। उहाँले भन्नुभयो, "सवारी नै चल्न नसके यातायात व्यवसायीले बैङ्कको किस्ता कसरी तिर्ने ? चालकलाई के दिने अनि परि कसरी चलाउने ?"

सडकमार्ग अवरुद्ध हुँदा काठमाडौँमा अध्ययन विद्यार्थी, व्यवसाय सञ्चालन गर्नेव्यवसायी तथा उपचा लागि राजधानी जानुपर्ने बिरामी र आफन्तसमेत समस्य छन्। वैकल्पिक मार्ग हेटौँडा–सिस्नेरी–कुलेखानीस साँघुरो र जोखिमपूर्ण भएकाले सबै प्रकारका सवारीसा सञ्चालन गर्न कठिनाइ भएको व्यवसायीको भनाइ छ

## राजमार्गमा चले साना गाडी

**सर्लाही समाचारदाता**
*सर्लाही, असोज १२ गते*

सर्लाहीसहित मधेशका जिल्लाबाट सङ्घीय राजधानी काठमाडौँसम्म यात्रु ओसारपसार गर्ने साना सवारीसाधन सोमबारदेखि पूर्ववत् रूपमा सञ्चालनमा आएका छन्।

चार दिनदेखिको झरी रोकिएर सोमबारदेखि मौसम पूर्ण रूपमा उघ्रिएसँगै तराई मधेशबाट काठमाडौँ उपत्यकामा चल्ने विङगर, हायस, टाटासुमोलगायतका साना सार्वजनिक सवारीसाधन सञ्चालनमा आएका हुन्। बिपी राजमार्ग अवरुद्ध रहेकाले सर्लाही, महोत्तरी, धनुषा, सिराहालगायत पूर्वका जिल्लाबाट चल्ने साना गाडी पूर्व–पश्चिम राजमार्ग हुँदै हेटौँडा भएर काठमाडौँ आउजाउ गरिरहेका छन्।

चार दिनपछि सोमबारदेखि काठमाडौँ चल्ने गाडी सञ्चालनमा आएसँगै अत्यावश्यक काम परेका यात्रुलाई राहत मिलेको छ। लालबन्दी नगरपालिका–७, निवासी यातायात व्यवसायी विनोद कार्कीले सोमबार आफूले नौ यात्रु काठमाडौँ पठाएको जानकारी दिनुभयो। सोमबार सर्लाहीबाट छुटेर गएका अधिकांश साना गाडीले यात्रु बोकेर गएका छन्। वर्षाका कारण काठमाडौँमै रोकिएका यात्रु पनि सोमबारदेखि घर फर्कन पाएका छन्।

रात्रिबसको टिकट काउन्टर सञ्चालन गर्नुहुने लालबन्दी नगरपालिका–७ का सुनीलकुमार साहले सोमबारदेखि रात्रिबससमेत पठाउन टिकट काट्न थालिएको बताउनुभयो। पहिरोले बाटो अवरुद्ध हुँदा शनिबार र आइतबार रात्रिबस काठमाडौँ पठाउन नसकिएको उहाँले जानकारी दिनुभयो।

काठमाठौँ जाने साना सवारीसाधन सञ्चालनमा आएसँगै पूर्व–पश्चिम राजमार्गमा सवारीको चाप बढ्न थालेको छ। बिपी राजमार्ग बन्द भएर पूर्वका जिल्लाबाट समेत गाडी आउन थालेपछि सोमबार बिहानदेखि राजमार्गमा चाप बढेको जिल्ला ट्राफिक प्रहरी कार्यालय नवलपुर सर्लाहीका प्रमुख एवं प्रहरी निरीक्षक झलक शर्माले जानकारी दिनुभयो।


## बलेफी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**
**बलेफी, सिन्धुपाल्चोक**
**बागमती प्रदेश, नेपाल ।**

### बलेफी गाउँपालिकाभित्र पर्ने सुनकोशी नदीको जुरेदेखि बलेफी बजारको कपिलेश्वर महादेवस्थानसम्म र ब्रह्मयाणी नदीको ढाँडेदेखि बलेफी बजारको कपिलेश्वर महादेवस्थानसम्मको क्षेत्रको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन सङ्कलन तथा निकासी शुल्क उठाउने सम्बन्धी बोलपत्र आह्वानको सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८३।०६।१३**
**ठेक्का नं. BRM/NCB-१४/२०८२/२०८३**

यस गाउँपालिकाको सुनकोशी नदी र ब्रह्मयाणी नदी किनाराका विभिन्न स्वीकृत स्थानहरूबाट निकासी गरिने ढुङ्गा, गिट्टी, बालुवाको शुल्क बागमती प्रदेश सरकारको आर्थिक ऐन, २०८३ मा उल्लिखित दरमा बोलपत्रको माध्यमबाट बढाबढ गरी सङ्कलन गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूबाट आफ्नो नागरिकताको प्रतिलिपि, फर्मको हकमा दर्ता तथा नवीकरण भएको प्रमाण पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, नियमानुसारको कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपिहरू तथा उक्त कार्य गर्न योग्य भएको स्व:घोषणा पत्र सहित मिति २०८३।०७।११ गते दिनको बाह्र (१२:००) बजेभित्र बलेफी गाउँपालिकामा रीतपूर्वक पेश गर्न सम्बन्धित सबैलाई जानकारी गराइएको छ। साथै थप जानकारी बलेफी गाउँपालिकाको Website https://balephimun.gov.np बाट लिन सकिनेछ।

बोलपत्रमा समावेश हुने बोलपत्र दाताले एन.आइ.सी. एसिया बैंक लि., खाडीचौर शाखामा यस कार्यालयको नाममा रहेको आन्तरिक राजस्व खाता नं. १९४CA५०००३५७०००७ मा बोलपत्र खरिद बापतको बोलपत्र दस्तुर रु. ३,०००/- दस्तुर दाखिलाको सक्कल भौचर कार्यालयमा पेश गर्नुपर्नेछ।

बोलपत्र दर्ता गर्दा आफूले कबोल गरेको अङ्कको ५ प्रतिशत हुन आउने रकम गाउँपालिकाको नाममा रहेको एन.आइ.सी. एसिया बैंक लि. खाडीचौर शाखाको धरौटी खाता नं. J४CA०००३५७०५२४०५ मा जम्मा गरेको सक्कलै भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकले जारी गरेको बोलपत्रको म्याद सकिने दिनबाट कम्तीमा १२० दिन म्याद भएको बिडबन्ड ग्यारेन्टी समेत बोलपत्रसाथ अनिवार्य संलग्न हुनुपर्नेछ।

| उठाउनुपर्ने रकमको दर | कारोबार योग्य अधिकतम परिमाण (घनफिट) | न्यूनतम ठेक्का अङ्क (मू.अ. कर बाहेक) | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोल्ने मिति |
|---|---|---|---|---|---|
| प्रति घनफिट रु. ७/- | ४५९२७८।५ | ३२,१५,०१२।१४ | २०८३ कात्तिक १० गते मङ्गलबार कार्यालय समयभित्र | २०८३ कात्तिक ११ गते बुधबार दिउँसो १२ बजेभित्र | २०८३ कात्तिक ११ गते बुधबार दिउँसो १३:०० बजे |

१. यस सम्बन्धी अन्य जानकारी कार्यालय समयभित्र कार्यालयमा बुझ्न सकिनेछ। साथै कार्यालयको वेबसाइट www.balephimun.gov.np मा मा हेर्न सकिनेछ।
२. बोलपत्र कागजातमा उल्लेख भएका सर्तहरू लागू हुनेछन्।
३. बोलपत्र फाराम खरिद एवं दर्ता गर्ने अन्तिम दिन बिदा पर्न गएमा त्यसपछि कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**